Laxmi Laghubitta Bittiya Sanstha Ltd.
लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.

# एघारौं वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्युट)

२०७९ फाल्गुण २९ गते, सोमबार

लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड
महाराजगञ्ज, काठमाण्डौ

## एघारौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण
### (माईन्युट)

**१. बैधानिक सभा:**

कम्पनी ऐन २०६३ र संस्थाको नियमावली बमोजिम लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेडको एघारौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री जीवन प्रकाश थेवे (लिम्बु)को अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

**२. सभा भएको मिति, समय र स्थान:**

मिति: २०७९ फाल्गुण २९ गते सोमबार (१३ मार्च २०२३)

समय: बिहान ११ बजे

स्थान: अग्रवाल भवन ,कमलपोखरी ,काठमाण्डौं

**३. सभाको सूचना:**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम साधारण सभा हुने २१ दिन अगावै सभा हुने मिति ,समय, स्थान र छलफल गर्ने बिषयहरु उल्लेख गरी शेयरधनीहरुलाई सूचना पठाईएको थियो । साधारण सभा सम्बन्धी व्यहोराको प्रथम पटकको सूचना २०७९ फाल्गुण ३ गते ***राष्ट्रिय दैनिक कारोवारमा*** प्रकाशित गरिएको थियो । त्यस्तै गरी दोश्रो पटकको सूचना २०७९ फाल्गुण ११ गतेको ***नयाँ पत्रिका राष्ट्रिय दैनिकमा*** प्रकाशन समेत गरिएको थियो । साधारण सभा सम्वन्धि सूचना संस्थाको वेवसाईटमा पनि अपलोड रहेको थियो । साथै शेयरधनीहरुलाई इमेल तथ एसएमएसबाट पनि साधारण सभा सम्बन्धी जानकारी पठाईएको थियो ।

**४. छलफलका लागि प्रस्तावित बिषयहरु:**

**<u>क) सामान्य प्रस्ताव :</u>**

१) एघारौ वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको बार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ असार मसान्तको वासलात तथा आ.व.२०७८/७९ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

३) वित्तीय संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम आ.व. २०७९/८० को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने (वर्तमान लेखापरिक्षक श्री पि.के.एफ.टि.आर उपाध्या एण्ड कम्पनी चाटर्ड एकाउन्टेन्ट्स पुन: नियुक्तीका लागि योग्य रहेको) ।

४) संस्थाको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ५ प्रतिशतको दरले रु.१,९२,०२,७००/- (अक्षरेपी एक करोड बयानब्बे लाख दुई हजार सात सय मात्र) वरावर नगद लाभांस (बोनस शेयर तथा नगद लाभांसमा लाग्ने कर प्रयोजनका लागि समेत) वितरण गर्ने ।

५) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**<u>ख) बिशेष प्रस्ताव :</u>**

१) संस्थाको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम संस्थाको हालको चुक्ता पूँजीको १५ प्रतिशका दरले रु.५,७६,०८,१००।- (अक्षरेपी पाँच करोड छ्यहत्तर लाख आठ हजार एक सय मात्र) बरावरको बोनस शेयर जारी गर्ने ।

२) उल्लेखित बोनस शेयर जारी गर्नका लागि आवश्यक हद सम्म अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने ।

३) बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम यस वित्तीय संस्थामा रहेको लक्ष्मी बैंक लि. को संस्थापक शेयरलाई सर्वसाधारण शेयर समुहमा परिणत गर्ने ।

४) बुँदा नं. (१) , (२) र (३) सम्बन्धी प्रस्ताव कार्यान्वयनका लागि संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव र सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा अन्य संशोधन पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संशोधन/समायोजन गर्न संस्थाको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अख्तियारी दिने ।

५) लक्ष्मी लघुवित्त वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्वन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई दिईएको अख्तियारीलाई निरन्तरता दिने ।

**ग) विविध**

**५. सभाको सञ्चालन:**

सभाको सञ्चालन संस्थाका नायव महाप्रवन्धक तथा कम्पनी सचिव श्री सुन्दर प्रसाद श्रेष्ठले गर्नु भएको थियो ।

**६. उपस्थिति : एघारौ वार्षिक साधारण सभामा सञ्चालकहरुको उपस्थिथित निम्न अनुसार रहेको थियो**

| क.सं | उपस्थित सञ्चालकहरुको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री जीवन प्रकाश थेवे (लिम्वु) | अध्यक्ष | लक्ष्मी बैक लि. |
| | श्री मनोहर राज उप्रेती | सञ्चालक | लक्ष्मी बैक लि. |
| | डा.गणेश भट्टराई | सञ्चालक | सर्वसाधारण शेयरधनी |
| | श्रीमती सबिना उपाध्याय | सञ्चालक | सर्वसाधारण शेयरधनी |
| | श्री अमित शर्मा | सञ्चालक | लक्ष्मी बैक लि. |
| | श्रीमती अनिता उपाध्याय | सञ्चालक | लक्ष्मी बैक लि. |
| | श्रीमती अभिलाषा पन्त शर्मा | सञ्चालक | स्वतन्त्र |

**अन्य आमन्त्रीत महानुभाव तथा पर्यबेक्षकहरुको उपस्थिति :**

१. अधिवक्ता देव बहादुर महत निर्वाचन अधिकृत

२. अधिवक्ता केशरमणी अर्यालय कानुनी सल्लाहकार

३. श्री अर्जुन खडका सहायक रजिष्ट्रार कम्पनी रजिष्ट्रारको कार्यालय

४. श्री नविन कुमार भट्टराई , नायव सुब्बा, कम्पनी रजिष्ट्रारको कार्यालय

५. श्री गम्भिर बिडारी, प्रतिनिधी बाह्य लेखापरिक्षक पि.के.एफ टि.आर.उपाध्याय एण्ड कम्पनी

**कर्मचारीको उपस्थिति:**

१. श्री प्रकाश राज शर्मा, प्रमुख कार्यकारी अधिकृत

२. श्री सुन्दर प्रसाद श्रेष्ठ, नायव महाप्रवन्धक एवम् कम्पनी सचिव

३. श्री पुर्णवासी चौधरी, प्रमुख-मानव संसाधन व्यवस्थापन विभाग

४. श्री माधव प्रसाद शर्मा, प्रमुख-सञ्चालन विभाग

५. श्रीमती प्रशंसा सिलवाल, प्रमुख-जोखिम व्यवस्थापन तथा अनुपालना विभाग

६. श्री दिपेन्द्र तिम्सिना, प्रमुख-आन्तरीक लेखापरीक्षण विभाग

७. श्री दिलिप शर्मा, प्रमुख-सामान्य प्रशासन विभाग

८. श्री विजय थापा मगर, प्रमुख- वित्त बिभाग

९. श्री बिवेक घिमिरे, प्रमुख- सूचना प्रविधि

लगायत अन्य अधिकृत तथा सहायक स्तरका समेत गरी कुल १९ जना कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

**७. गणपुरक संख्या :**

| जम्मा बिक्री भएको शेयर कित्ता संख्या | | उपस्थिति | | | | | | जम्मा शेयर कित्ताको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वयं उपस्थित भई प्रतिनिधित्व गरेको शेयर कित्ता | स्वयं उपस्थित शेयरधनी संख्या | प्रतिनिधि (प्रोक्सी) मार्फत प्रतिनिधित्व गेको शेयर संख्या | प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित शेयर धनी संख्या | भर्चुअल माध्यमबाट उपस्थित भै प्रतिनिधित्व गरेको शेयर कित्ता संख्या | भर्चुअल माध्यमबाट उपस्थित शेयरधनी संख्या | |
| ३८,४०,५४० | | २७,४५,४१८ | २४३ | - | - | - | - | ७१.४८% |

**८. सभाको बैधानिकता तथा अध्यक्षता:**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार पब्लिक कम्पनीको बार्षिक साधारण सभा गर्नको निमित्त कम्तीमा एक्काईस दिन अगावै शेयरधनीहरुलाई निजहरुले कम्पनीलाई उपलब्ध गराएको ठेगानामा सभा हुने मिति, समय, स्थान र छलफल गर्ने बिषय उल्लेख गरी सूचना पठाउनु पर्ने र सो कुराको सूचना कम्तीमा दुईपटक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा पनि प्रकाशन गर्नु पर्ने प्राबधान रहेकोछ । उक्त व्यवस्था अनुरुप नै यस संस्थाले प्रथम पटक मिति २०७९ फाल्गुण ३ गते ***राष्ट्रिय दैनिक कारोबार*** र दोश्रो पटक मिति २०७९ फाल्गुण ११ गतेको ***नयाँ पत्रिका राष्ट्रिय दैनिक*** पत्रिकामा साधारण सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषय खोली सूचना प्रकाशीत गरिएको थियो । त्यसै बमोजिमको सूचना शेयरधनी महानुभावहरुलाई पनि निजहरुले कम्पनीलाई उपलब्ध गराएको ठेगानामा पठाईएको थियो । साधारण सभा सम्वन्धि सूचना संस्थाको वेवसाईटमा पनि अंपलोड रहेको थियो भने शेयरधनीहरुलाई इमेल र एसएमएसबाट पनि साधारण सभा सम्बन्धी जानकारी पठाईएको थियो ।

त्यस्तै, सभाको गणपुरक संख्या सम्बन्धमा कम्पनी ऐनको दफा ७३ (२) अनुसार कम्पनीको नियमावलीमा गणपुरक संख्याको लागि बढी संख्या तोकिएकोमा बाहेक पब्लिक कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु उपस्थिति हुनुपर्ने ब्यवस्था रहेकोछ । यस लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २३ मा "बाँडफाँड भएको कूल शेयर संख्याको पचास प्रतिशत भन्दा वढि शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित नभई साधारण सभाको काम कारबाही प्रारम्भ हुने छैन्" भन्ने ब्यवस्था रहेकोछ । उपरोक्त ब्यवस्था अनुरुप नै कम्पनीको यस वार्षिक साधारण सभामा राखिएको शेयरधनीको

उपस्थिति पुस्तिका अनुसार बाँडफाँड भएको कुल शेयर संख्या ३८,४०,५४० कित्ताको ७१.४८ प्रतिशत प्रतिनिधित्व हुने गरी २४३ जना शेयरधनीहरु स्वयम् उपस्थिती भएको पाईएकोले गणपुरक संख्या पुगेको र कम्पनी ऐन २०६३ को दफा ६९ बमोजिम सभा रीतपुर्वक बोलाईएकोले यो सभा बैधानिक रहेको व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

तत्पश्चात कम्पनी सचिवले कम्पनी ऐनको दफा ७४ (१) बमोजीम साधारण सभाको अध्यक्षता गर्न सञ्चालक समितिका अध्यक्षलाई अनुरोध गर्नु भए बमोजीम सञ्चालक समितिका अध्यक्ष श्री जीवन प्रकाश थेवे (लिम्वु) ले सभाको अध्यक्षता ग्रहण गर्नु भयो ।

**९. स्वागत मन्तब्य :**
संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री प्रकाश राज शर्माले सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरु, अतिथि तथा अन्य महिला तथा सज्जनबृन्दलाई स्वागत गर्दै संस्थाको कार्य प्रगति बारे संक्षिप्त रुपमा जानकारी गराउनु भएको थियो ।

तत्पश्चात साधारण सभाको काम कारवाही अघि वढाउन कम्पनी सचिवले सभाका अध्यक्षलाई अनुरोध गर्नु भयो र अध्यक्षले सभाको काम कारवाही अघि वढाउनु भयो ।

**१०. बार्षिक प्रतिबेदनको प्रस्तुति :**
अध्यक्ष श्री जीवन प्रकाश थेवे (लिम्वु)ले उपस्थित शेयरधनी एवम् अन्य महानुभावहरुलाई स्वागत गर्दै आ.व. २०७८/७९ को सञ्चालक समितिको प्रतिबेदन प्रस्तुत गर्नु भयो र शेयरधनी महानुभाबहरुको अमूल्य राय, सल्लाह, सुझाव सहित छलफलका लागि आग्रह गर्नु भयो ।

**११. साधारण सभामा शेयरधनीको प्रतिक्रिया तथा सुझावहरु :**
एघारौ वार्षिक प्रतिबेदन माथिको छलफलमा साधारण सभामा सहभागि हुंदै शेयरधनीहरु श्री ब्रहम देव शाक्य, श्री शत्रुघन श्रेष्ठ, कुमारी इक्वीटी फण्डबाट प्रतिनिधित्व गर्नु भएका प्रतिनिधि श्री बिज्ञान भण्डारी, श्री डमरु बल्लभ घिमिरे र श्री शिव प्रसाद पौडेलहरुले निम्न प्रतिक्रिया सुझाव तथा जिज्ञाशाहरु व्यक्त गर्नु भएको थियो ।

- लघुवित्तले गरिव विपन्नसंग काम गरेर गरिव विपन्न परिवारको जीवन उत्थानका लागि उदाहरणीय काम गरेकोमा प्रशंसा गर्नु भएको थियो । लघुवित्तले उदाहरणीय काम गर्दा गर्दै पनि सडक देखी सदन सम्म यसको विरोधमा आवाज उठनु राम्रो होइन यस तर्फ समया नै सम्बन्धित निकायले ध्यान दिनु पर्ने सुझाव प्राप्त भएको थियो ।
- लघुवित्त संस्था विरुद्ध उठेका सवालहरु सही गलत के छन सो सम्बन्धमा साधारण सभामा जानकारी गराउन अनुरोध भएको थियो ।
- कुनै पनि बाणिज्य बैंकले विना धितो कर्जा लगानी गरेर यो स्तरमा सेवा उपलब्ध गराउन नसक्ने कार्य लघुवित्तले गरेको छ । लघुवित्त विरुद्धमा फैलाईएको भ्रम र तथ्यहिन आरोपहरु बारेमा नेपाल राष्ट्र बैंकले समयमा नै ध्यान दिई आवश्यक सुधारको पहल गर्नु पर्ने ।
- संस्थाले भरखरै निक्षेप तथा कर्जा सुरक्षण कोषसंग सम्झौता गरेको छ । उक्त सम्झौताले सम्झौता हुनु भन्दा अगाडी नै लगानी भएका कर्जाको सुरक्षण हुन्छ कि नयाँ लगानी हुने कर्जाको मात्र सुरक्षण हुन्छ भन्ने जिज्ञासा राखिएको थियो ।
- संस्थाले प्रस्ताव गरेको लाभांश (बोनश तथा नगद ) को लागि शेयरधनीरुबाट धन्यवाद ज्ञापन भएको थियो ।

- लघुवित्तका ग्राहक सदस्यहरुलाई संस्थाको शेयर प्रदान गर्न सक्ने व्यवस्था मिलाउन नेपाल राष्ट्र बैंकबाट नै नीतिगत व्यवस्था हुनु पर्ने ।
- संस्थाले प्रस्ताव गरेको बोनश शेयरको लिस्टिङ प्रक्रियालाई छिटो शुरुवात गरी शेयरधनीको खातामा आउने व्यवस्था मिलाउनु पर्ने ।
- लघुवित्त संस्था विरुद्ध आन्दोलनलाई व्यवस्थापन गर्न लघुवित्त बैंकर्स सघंले पनि पहल गर्नु पर्ने ।
- निष्क्रिय कर्जा बढ्दो दरमा देखिन्छ । जोखिम व्यवस्थापनको लागि संस्थाले आफुलाई कसरी तयारी गरेको छ , एउटा भन्दा धेरै संस्थाबाट कर्जा लिन नपाईने निर्देशन पश्चात व्यवशायमा संकुचन आउने हुदा भविष्यमा व्यवशाय विस्तारको रणनीति कस्तो हुन सक्छ ?
- संस्थामा दाहोरोपनाको अवस्था कस्तो छ , के कति प्रतिशत ग्राहकहरुले बहुबैंकिङ सेवा लिइरेहेका छन ।
- नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार फिर्ता भएको सेवा शुल्कको रकम कति थियो ? त्यसले वित्तीय स्थितीमा के कस्तो प्रभाव पार्‍यो ।
- कम्पनीको वार्षिक प्रतिवेदन शेयरधनीलाई समयमा नै उपलब्ध गराउने व्यवस्था गर्नु पर्ने ।
- वार्षिक प्रतिवेदनमा सञ्चालकको फोटोहरु राख्दा सञ्चालकले गरेको प्रतिनिधित्व खुल्ने गरी उल्लेख गर्नु पर्ने ।
- मर्जर र प्राप्ती तर्फ के कस्तो पहल भैरहेको छ ।
- लघुवित्त संस्थाहरु मिलेर देखिने गरी सामाजिक उत्तरदायित्व सम्बन्धी कामहरु गर्नु पर्ने ।
- कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि तालिमहरुलाई निरन्तरता दिनु पर्ने ।
- लघुवित्तको ऋण मिनाह हुन सक्दैन त्यसकारण यस तर्फ सम्पूर्ण निकायले समयमा नै ध्यान दिई आवश्यक पहल गर्नु पर्ने ।

**१२. शेयरधनीले प्रकट गर्नुभएको प्रतिक्रिया एवम सुझावहरुको जवाफ :**

साधारण सभामा व्यक्त गर्नु भएको भनाईहरुका लागि शेयरधनीहरु श्री ब्रहमदेव शाक्य, श्री शत्रुघन श्रेष्ठ, श्री विज्ञान भण्डारी, श्री डमरु बल्लभ घिमिरे र श्री शिव प्रसाद पौडेललाई अध्यक्षज्युले धन्यबाद दिदै शेयरधनीहरुको व्यक्त विचार प्रति संस्थाको धारणा राखिदिन प्रमुख कार्यकारी अधिकृत श्री प्रकाश राज शर्मालाई अनुरोध गर्नु भयो ।

प्रमुख कार्यकारी अधिकृत श्री प्रकाश राज शर्माले शेयरधनीहरुको सुझाव तथा जिज्ञाशाको लागी धन्यबाद दिदै उपयुक्त सुझावहरुलाई यथासम्भव कर्यान्वयनमा लैजाने प्रतिवद्धता व्यक्त गर्नु भयो । कर्जाको गुणस्तर सम्बन्धमा उठेका जिज्ञासामा संस्थाले कर्जाको गुणस्तर सुधार गर्नको लागि आवश्यक रणनीतिगत कार्य गरिरहेको बारेमा प्रस्ट पार्नु भयो । साथै हाल लघुवित्त संस्था विरुद्धको आन्दोलनको कारण पनि कर्जाको गुणस्तरमा प्रभाव परेको हुंदा यस तर्फ राज्यले पनि ध्यान दिनु पर्ने भनाई राख्नु भएको थियो । सेवा शुल्क फिर्ता सम्बन्धमा उठेको जिज्ञासामा संस्थाले रु.३,६०,२७,८८८।- सेवा शुल्क वापत फिर्ता गरेको जानकारी गराउनु भयो ।

कर्जाको सुरक्षण सम्बन्धमा उठेको जिज्ञासा सम्बन्धमा निक्षेप तथा कर्जा सुरक्षण कोषसंग सम्झौता भएको मिति देखी लगानी हुने नयाँ कर्जाहरुको मात्र कर्जा सुरक्षण हुने बारे प्रमुख कार्यकारी अधिकृतले सभालाई जानकारी गराउनु भएको थियो ।

Laxmi Laghubitta Bittiya Sanstha Limited
लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड

प्रमुख कार्यकारी अधिकृतले साधारण सभामा वर्तमान समयमा लघुवित्तमा देखिएका समस्या तथा चुनौतीहरुको बारेमा सञ्चालक समिति तथा व्यवस्थापन समुह जानकार रहेको जानकारी गराउदै यस्ता समस्या तथा चुनौतीहरुसंग जुध्न र संस्थालाई बचाएर अगाडी बढाउन आवश्यक छलफल तथा नीतिगत काम कारवाहीहरु भैरहेको सन्दर्भमा समेत स्पष्ट पार्नु भएको थियो ।

यस पश्चात अध्यक्षले साधारण सभाका प्रस्तावहरु छलफल तथा निर्णयको लागि सभामा पेश गर्नु भएको थियो ।

**१३. सभाको निर्णयहरु:**

**(क) सामान्य प्रस्ताब सम्बन्धी निर्णय:**

**प्रस्ताव नं. १.** एघारौ वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको बार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

**निर्णय :** सञ्चालक समितिको तर्फबाट एघारौं बार्षिक साधारण सभामा प्रस्तुत अध्यक्षज्यूको आ.व. २०७८/७९ को बार्षिक प्रतिवेदन अनुमोदनका लागि अध्यक्षज्यूले साधारण सभा समक्ष प्रस्ताब गर्नु भएकोमा सो प्रतिबेदन सर्वसम्मतिबाट अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.** लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ असार मसान्तको वासलात तथा आ.व.२०७८/७९ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

**निर्णय :** लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात तथा मिति २०७८/०४/०१ देखि २०७९/०३/३२ सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका सम्पूर्ण विवरणहरु पारित गरियोस भनी अध्यक्ष ज्यूले साधारण सभा समक्ष प्रस्ताब पेश गर्नु भएकोमा सभाले उल्लेखीत लेखापरीक्षकको प्रतिबेदन सहितको वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्‍यो ।

**प्रस्ताव नं. ३.** वित्तीय संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम आ.व.२०७९/८० को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने (वर्तमान लेखापरिक्षक श्री पि.के.एफ.टि.आर उपाध्या एण्ड कम्पनी चाटर्ड एकाउन्टेन्ट्स पुन: नियुक्तीका लागि योग्य रहेको) ।

यस वित्तीय संस्थाको आर्थिक वर्ष २०७९/८० को बैधानिक लेखापरीक्षण गर्नको लागि तपशिल अनुसारका तीन वटा Chartered Accountants फर्महरुको आशय पत्र (Letter of Interest) प्राप्त भएको थियो ।

| क.सं. | फर्मको नाम | पेशागत पारिश्रमिक (मु.अ.कर बाहेक) रु | खाना/खाजा खर्च (मु.अ.कर बाहेक) रु. | लजिङ/यातायात |
|---|---|---|---|---|
| १ | PKR T.R Upadhya & Co. | ३,५०,०००।- | १,००,०००।- | वास्तविक विल अनुसार |
| २ | Shankar Associates | ६,५०,०००।- | - | वास्तविक विल अनुसार |
| ३ | P & B Associates | ७,००,०००।- | - | वास्तविक विल अनुसार |

उपरोक्त प्राप्त आशय पत्र (Letter of Interest) अनुसार लेखापरीक्षण समितिको मिति २०७९ फाल्गुण २८ गते बसेको ५७ औं बैठकले साधारण सभामा सिफारिस गरे बमोजिम आ.व. २०७८/७९ का लेखापरिक्षक M/S PKF T. R. Upadhya & Co पुन: नियुक्तिको लागि योग्य भएकोले आ.व.२०७९/८० को लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, कर लेखापरीक्षण, कम्पनी ऐनको दफा ७८ अनुसारको विवरण प्रमाणीकरण समेत गर्नको लागि M/S PKF T. R. Upadhya & Co. लाई रु.३,५०,०००/ (मूल्य अभिवृद्धि कर वाहेक) पारिश्रमिक दिने गरी लेखापरीक्षकमा नियुक्त गर्न सिफारिस गरेको छ। लेखापरीक्षण समितिले लेखापरीक्षणको सिलसिलामा हुने यातायात र लजिङ वापत विल अनुसारको वास्तविक खर्च प्रदान गर्ने र खाना/खाजा वापतको लागि एकमुस्ट रु.१,००,०००/ (मूल्य अभिवृद्धि कर वाहेक) उपलब्ध गराउन पनि सिफारीस गरेको छ । अत: लेखापरीक्षण समितिको सिफारीस अनुसार M/S PKF T. R. Upadhya & Co. लाई आ.व. २०७९/८० को लेखापरीक्षकमा नियुक्त गर्ने प्रस्ताव पेश गर्नु भयो ।

**निर्णय :** तत्पश्चात साधारण सभाले लेखापरीक्षण समितिको सिफारीस अनुसार नै आ.व.२०७९/८० को लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, कर लेखापरीक्षण र कम्पनी ऐनको दफा ७८ अनुसारको विवरण प्रमाणीकरण समेत गर्नको लागि PKF T. R. Upadhya & Co. लाई आ.व. २०७९/८० को लागि लेखापरीक्षकमा नियुक्त गर्ने तथा निजको पारिश्रमिक रु.३,५०,०००/(मूल्य अभिवृद्धि कर वाहेक) र लेखापरीक्षणको सिलसिलामा हुने यातायात, लजिङ खर्च वापत विल अनुसारको वास्तविक खर्च प्रदान गर्ने र खाना/खाजा वापतको लागि एकमुष्ठ रकम रु.१,००,०००।- (मूल्य अभिवृद्धि कर वाहेक) खर्च उपलब्ध गराउने सम्बन्धी निर्णय सर्वसम्मतीले पारित गऱ्यो ।

**प्रस्ताव नं. ४.** संस्थाको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ५ प्रतिशतको दरले रु.१,९२,०२,७००/- (अक्षरेपी एक करोड बयानब्बे लाख दुई हजार सात सय मात्र) वरावर नगद लाभांस (बोनस शेयर तथा नगद लाभांसमा लाग्ने कर प्रयोजनका लागि समेत) वितरण गर्ने ।

**निर्णय :** सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७९ असाढ मसान्तमा कायम रहेको चुक्ता पुंजीको ५.०० प्रतिशतले हुने नगद लाभांस रु.१,९२,०२,७००/-(अक्षरेपी एक करोड बयानब्बे लाख दुई हजार सात सय मात्र) (वोनश शेयर र नगद लाभांसमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव पारित गरियोस भन्ने प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

साधारण सभाको विषय सूची क (५) मा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने समुह "ख" तर्फका २ जना सञ्चालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम रहेको थियो । उक्त कार्यक्रमलाई विशेष प्रस्तावको काम कारवाही पश्चात अन्तमा सञ्चालन गर्न उपयुक्त हुने हुंदा सोही अनुसार सभाबाट अनुमति लिई विषय सूची ख अन्तर्गतका विशेष प्रस्ताव सम्बन्धी काम कारवाही प्रस्तुत गरिएको थियो ।

**ख) बिशेष प्रस्ताव सम्बन्धी निर्णय:**

**प्रस्ताव नं. १.** संस्थाको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम संस्थाको हालको चुक्ता पूँजीको १५ प्रतिशका दरले रु.५,७६,०८,१००।- (अक्षरेपी पाँच करोड छयहत्तर लाख आठ हजार एक सय मात्र) बरावरको बोनस शेयर जारी गर्ने ।

**निर्णयः** सञ्चालक समितिबाट पारित भए बमोजिम वित्तीय संस्थाको २०७९ अषाढ मसान्तमा कायम रहेको चुक्ता पूंजीको १५ प्रतिशले हुन आउने रकम रु.५,७६,०८,१००।- (अक्षरेपी पाँच करोड छयहत्तर लाख आठ हजार एक सय मात्र) बराबरको बोनश शेयर वितरण गर्ने बिशेष प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

**प्रस्ताव नं. २.** उल्लेखित बोनस शेयर जारी गर्नका लागि आवश्यक हद सम्म अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने ।

**निर्णय :** सञ्चालक समितिबाट पारित भै साधारण सभामा प्रस्ताव पेश भए बमोजिम उल्लेखित बोनश शेयर जारी गर्नको लागि आवश्यक हद सम्म अधिकृत, जारी तथा चुक्ता पुंजी बृद्धि गर्ने प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

**प्रस्ताव नं. ३** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम यस वित्तीय संस्थामा रहेको लक्ष्मी बैंक लि. को संस्थापक शेयरलाई सर्वसाधारण शेयर समुहमा परिणत गर्ने ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ९ को ४, दफा ११ को ४ र नेपाल राष्ट्र बैंकबाट घ वर्गको इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिका २०७८ को निर्देशन नं १० (१३) मा भएको व्यवस्था बमोजिम संस्थापक सेयर सर्वसाधारण सेयरमा परिणत गर्न योग्य देखिन्छ ।

नेपाल राष्ट्र बैंकबाट लघुवित्त वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशिका २०७८ को निर्देशन नं १० को १३ (च ) मा ***"यस व्यवस्था अनुसार संस्थापक समुहको स्वामित्वमा रहेको सेयर सर्वसाधारण सेयरमा परिणत गर्ने कार्य पुंजीबजार, बैंकिङ लगायत समग्र वित्तीय क्षेत्रमा पर्ने प्रभाव समेतलाई विचार गरी एकपटकमा बढीमा १० प्रतिशत बिन्दुसम्म गर्न सकिनेछ "*** भन्ने व्यवस्था अनुरुप लक्ष्मी बैंक लि. को यस संस्थामा रहेको ७० प्रतिशतको संस्थापक सेयर स्वामित्वमा १० प्रतिशत विन्दुले संस्थापक सेयरको स्वामित्व सर्वसाधारण सेयरमा परिणत गरी ६० प्रतिशत संस्थापक लक्ष्मी बैंक लि.को सेयर स्वामीत्व र ४० प्रतिशत सर्वसाधारणको शेयर कायम रहने प्रस्ताव पेश गर्नु भयो । यस सम्बन्धमा नेपाल राष्ट्र बैंक तथा वित्तीय संस्था नियमन विभागको मिति २०७९/१०/१६ को पत्र मार्फत स्वीकृति प्राप्त भएको ।

**निर्णय :** सञ्चालक समितिबाट पारित भै नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियम विभागबाट समेत स्वीकृती प्राप्त भएको हुंदा सोही बमोजिम लक्ष्मी बैंक लि. को यस संस्थामा रहेको ७० प्रतिशतको संस्थापक सेयर स्वामित्वमा १० प्रतिशत विन्दुले संस्थापक सेयरको स्वामित्व सर्वसाधारण सेयरमा परिणत गरी ६० प्रतिशत संस्थापक लक्ष्मी बैंक लि.को सेयर स्वामीत्व र ४० प्रतिशत सर्वसाधारणको शेयर कायम रहने प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

**प्रस्ताव नं. ४.** बुँदा नं. (१) , (२) र (३) सम्बन्धी प्रस्ताव कार्यान्वयनका लागि संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव र सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा अन्य संशोधन पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संशोधन/समायोजन गर्न संस्थाको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अख्तियारी दिने ।

Laxmi Laghubitta Bittiya Sanstha Limited

**निर्णयः** सञ्चालक समितिले वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६ को खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) तथा नियमावलीको नियम ३२ (१) को खण्ड (ग) को (अ), (आ) र (इ) मा संशोधन गर्न प्रस्ताव गरेकोले प्रबन्धपत्र तथा नियमावलीको उल्लेखित दफा तथा नियमको निम्न लिखित संशोधन गर्ने प्रस्ताव सभाको सर्वसम्मतिले पारित गर्ने निणर्य गऱ्यो । त्यस्तै प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संशोधन/समायोजन गर्न संस्थाको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अख्तियारी दिने प्रस्ताव समेत सर्वसम्मतीले निर्णय गऱ्यो ।

## प्रबन्धपत्रमा पारित संशोधन

| हालको ब्यवस्था | पारित संशोधन पछिको स्वरुप | संशोधन गर्नाको कारण |
|---|---|---|
| **६. वित्तीय संस्थाको पुँजीको संरचना :** वित्तीय संस्थाको पुँजीको संरचना देहाय बमोजिम हुनेछ :-<br><br>(क) लघुवित्त वित्तीय संस्थाको अधिकृत पूँजी रु.४०,००,००,०००।– (चालिस करोड) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका ४०,००,००० ( चालिस लाख) थान साधारण सेयरमा विभाजन गरिएको छ ।<br><br>(ख) वित्तीय संस्थाको जारी पुँजी रु.३८,४०,५४,०००।– (अक्षरेपी अठत्तीस करोड चालिस लाख चवन्न हजार मात्र ) हुनेछ। सो पूँजीलाई प्रति सेयर रु.१००।- दरका ३८,४०,५४० (अठतीस लाख चालीस हजार पाँच सय चालीस) थान साधारण सेयरमा विभाजन गरिएको छ ।<br><br>(ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु.३८,४०,५४,०००।– (अक्षरेपी अठतीस करोड चालीस लाख चवन्न हजार मात्र) हुनेछ ।<br><br>(घ) लघुवित्त वित्तीय संस्थाले जारी पुंजीको ३० प्रतिशत साधारण सेयर सर्वसाधारणलाई विक्रीको लागि छुट्याइएको छ ।<br><br>(ङ) संस्थापक सेयरधनीहरुलाई समूह "क" मा वर्गिकरण गरिएको छ र यो समूहको सेयर स्वामित्व ७० प्रतिशत हुनेछ ।<br><br>(च) सर्वसाधारणमा बिक्री गरिने सेयर खरिद गर्ने सेयरधनीलाई समुख "ख" मा वर्गिकरण गरिएको छ। यो समूहको सेयर स्वामित्व ३० प्रतिशत हुनेछ । यस समूहको कूल सेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म सेयर लघुवित्त वित्तीय संस्थाका कर्मचारीलाई छुट्याई सञ्चालक समितिको निर्णय बमोजिम बिक्री बितरण गर्न सकिनेछ । | **६. वित्तीय संस्थाको पुँजीको संरचना :** वित्तीय संस्थाको पुँजीको संरचना देहाय बमोजिम हुनेछ :-<br><br>(क) लघुवित्त वित्तीय संस्थाको अधिकृत पूँजी रु.८०,००,००,०००।– ( असि करोड) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका ८०,००,००० ( असि लाख) थान साधारण सेयरमा विभाजन गरिएको छ ।<br><br>(ख) वित्तीय संस्थाको जारी पुँजी रु.४४,१६,६२,१००।– (अक्षरेपी चवालीस करोड स्रोह लाख बासट्ठी हजार एक सय मात्र ) हुनेछ। सो पूँजीलाई प्रति सेयर रु.१००।- दरका ४४,१६,६२१ ( चवालीस लाख स्रोह हजार छ सय एक्काइस) थान साधारण सेयरमा विभाजन गरिएको छ ।<br><br>(ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु.४४,१६,६२,१००।– (अक्षरेपी चवालीस करोड स्रोह लाख बासट्ठी हजार एक सय मात्र ) हुनेछ ।<br><br>(घ) लघुवित्त वित्तीय संस्थाले जारी पुंजीको ४० प्रतिशत साधारण सेयर सर्वसाधारणलाई विक्रीको लागि छुट्याइएको छ ।<br><br>(ङ) संस्थापक सेयरधनीहरुलाई समूह "क" मा वर्गिकरण गरिएको छ र यो समूहको सेयर स्वामित्व ६० प्रतिशत हुनेछ ।<br><br>(च) सर्वसाधारणमा बिक्री गरिने सेयर खरिद गर्ने सेयरधनीलाई समुख "ख" मा वर्गिकरण गरिएको छ । यो समूहको सेयर स्वामित्व ४० प्रतिशत हुनेछ । यस समूहको कूल सेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म सेयर लघुवित्त वित्तीय संस्थाका कर्मचारीलाई छुट्याई सञ्चालक समितिको निर्णय बमोजिम बिक्री बितरण गर्न सकिनेछ । | बोनश सेयर जारी गरे पश्चात पुंजी संरचनामा परिवर्तन आउने हुंदा अधिकृत पुंजी ,जारी पुंजी र चुक्ता पुंजीमा संशोधन गर्न । साथै संस्थापक सेयरलाई सर्वसाधारण सेयरमा परिवर्तन गर्दा पुंजीको स्वामित्व संरचनामा परिवर्तन आउने हुंदा आवश्यक संशोधन गर्न । |

## नियमावलीमा पारित संशोधन

| हालको ब्यबस्था | पारित संशोधन पछिको स्वरुप | संशोधन गर्नाको कारण |
|---|---|---|
| **३२. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :** (१) सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैंठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार देहाय बमोजिम हुनेछ :-<br><br>(ग) वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :–<br>(अ) स्वदेशमा दैनिक भत्ता रु. ५,०००।-<br>(आ) भारतमा दैनिक भत्ता भा.रु. ५,०००।-<br>(इ) भारत बाहेक अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर २५०।- | **३२. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :** (१) सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैंठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार देहाय बमोजिम हुनेछ :-<br><br>(ग) वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :-<br>(अ) स्वदेशमा दैनिक भत्ता रु.८,५००।-<br>(आ) भारतमा दैनिक भत्ता भा.रु.८,५००।-<br>(इ) भारत बाहेक अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर ३००।- | सञ्चालक समितिका अध्यक्ष र सञ्चालकहरुको दैनिक भत्तालाई समसामयीक बनाउन |

**प्रस्ताव नं. ५.** लक्ष्मी लघुवित्त वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्वन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई दिईएको अख्तियारीलाई निरन्तरता दिने ।

**निर्णय :** लक्ष्मी लघुवित्त वित्तीय संस्थाले अन्य ईजाजतप्राप्त"घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई प्राप्ति (Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्वन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी वढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गरिएको अख्तियारीलाई निरन्तरता दिने सम्वन्धी प्रस्ताव अध्यक्षले राख्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

### (ग). विविध प्रस्ताव सम्बन्धी निर्णय:

विविध शिर्षक अन्तर्गत निर्णय गर्नु पर्ने कुनै प्रस्ताव साधारण सभामा नभएको/नआएकोले यस सम्बन्धमा कुनै निर्णय भएन ।

यस पश्चात सामान्य प्रस्ताव को विषयसूची क (५) अन्तर्गत सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने समुह "ख" तर्फका २ जना सञ्चालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम रहेको थियो । सामान्य तथा विशेष प्रस्ताव र विविध प्रस्ताव अन्तर्गतका सबै काम कारवाही सकिएको हुंदा सञ्चालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम अगाडी बढाउन निर्वाचन अधिकृत अधिवक्ता देव बहादुर महतलाई अध्यक्षले अनुरोध गर्नु भयो । अध्यक्षको अनुरोध तथा अनुमती बमोजिम निर्वाचन अधिकृत अधिवक्ता देव बहादुर महतले निर्वाचन सम्बन्धी कार्यक्रम अगाडी बढाउनु भयो ।

### (घ) निर्वाचन सम्बन्धी कार्यक्रम :

निर्वाचन अधिकृत अधिवक्ता देव बहादुर महतले निर्वाचन सम्बन्धी प्रतिवेदन पेश गर्दै सञ्चालक निर्वाचन निर्देशिका २०७९ अनुसार निर्वाचन हुने दिन भन्दा कम्तीमा १० दिन अगाडी अनुसुची १ अनुसारको ढाँचामा निर्वाचन कार्यक्रम सम्बन्धी सुचना प्रकाशित गर्नु

पर्नेछ भन्ने व्यवस्था बमोजिम नै मिति २०७९ फाल्गुण १८ गते निर्वाचन सम्बन्धी कार्यक्रमको सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराउनु भएको थियो ।

पूर्व प्रकाशित निर्वाचन कार्यक्रम अनुसार तोकिएको दिनमा सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने समुह "ख" तर्फका २ जना सञ्चालकहरुको निर्वाचनको लागि २ जना शेयरधनीहरु डा.गणेश भट्टराई र श्रीमती सबिना उपाध्यायको मनोनयन पत्र प्राप्त भै दर्ता भएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात कार्यक्रम तालिका अनुसार उम्मेदवारको प्रथम चरणको नामावली प्रकाशन गरिएको र उम्मेदवारीको नामावली उपर दाबी विरोध गर्ने समयाअवधिमा कोही कसैको दाबी बिरोध नपरेको हुंदा तोकिएको मिति र समयमा उम्मेदवारको अन्तीम नामावली प्रकाशन गरिएको व्यहोरा निर्वाचन अधिकृतले जानकारी गराउनु भयो ।

सर्वसाधारणको तर्फबाट प्रतिनिधित्व गर्ने समुह "ख" तर्फ २ जना मात्र सञ्चालकको अन्तिम नामावली प्रकाशन भएको हुंदा सर्वसाधारण शेयरधनीहरु डा.गणेश भट्टराई र श्रीमती सबिना उपाध्याय सञ्चालक पदमा निर्विरोध निर्वाचित भएको घोषणा साधारण सभामा गर्नु भयो । निर्विरोध निर्वाचित हुनु भएकोमा सञ्चालकहरु डा. गणेश भट्टराई र श्रीमती सबिना उपाध्यायलाई बधाई दिदै नव निर्वाचित सञ्चालकहरुलाई निर्वाचित भएको प्रमाण पत्र पनि प्रदान गर्नुभयो ।

**(ङ) सपथ ग्रहण :**

नव निर्वाचित सञ्चालकहरु डा. गणेश भट्टराई र श्रीमती सबिना उपाध्यायलाई सञ्चालक समितिका अध्यक्ष श्री जीवन प्रकाश थेवे (लिम्बु) ले पद तथा गोपिनियताको सपथ ग्रहण गराउनु भयो ।

**१४. धन्यबाद ज्ञापन तथा बधाई :**

छलफल तथा निर्णयको क्रम समाप्त पश्चात अध्यक्षज्यूले शेयरधनी महानुभावहरुले सभामा भाग लिई सबै प्रस्तावहरु पारित गर्न सहयोग गरी एघारौ वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न योगदान गर्नु भएकोमा उपस्थित सबैलाई धन्यबाद ज्ञापन गर्नुभयो । सर्वसाधारणको तर्फबाट प्रतिनिधित्व हुने २ जना सञ्चालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम सुसम्पन्न गर्न सहयोग गर्नु हुने निर्वाचन अधिकृत अधिवक्ता देव बहादुर महतलाई अध्यक्षले विशेष धन्यवाद ज्ञापन गर्नुका साथै नव निर्वाचित २ जना सञ्चालकहरुलाई बधाई तथा सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्नु भयो ।

**१५. सभा विसर्जनः**

तत्पश्चात अध्यक्षज्यूले साधारण सभा सञ्चालन गर्न उपस्थित शेयरधनीहरुबाट प्राप्त सहयोगको लागि धन्यबाद ज्ञापन गर्नुको साथै सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई धन्यवाद दिदै सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

सुन्दर प्रसाद श्रेष्ठ
कम्पनी सचिव

जीवन प्रकाश थेवे (लिम्वु)
अध्यक्ष, सञ्चालक समिति

मिति: २०७९/११/२९
काठमाण्डौ ।